नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड
**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०**
सानोठिमी भक्तपुर

पत्र संख्याः २०८१/८२
च.नं. : १६२

मितिः २०८२/०९/१३

विषयः **परीक्षा केन्द्र सम्बन्धमा।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
सबै।

प्रस्तुत विषयमा माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८२ को परीक्षा केन्द्र निर्धारणका सम्बन्धमा विभिन्न जिल्लाहरूबाट सोधनी भएको सन्दर्भमा पत्र लेख्ने काम भएको छ। विगत वर्षहरूमा समेत परीक्षा केन्द्र निर्धारण तथा परीक्षा केन्द्रमा हाजिरी, उत्तरपुस्तिका व्यवस्थापनलगायतका विषयमा त्रुटि हुँदा नतिजा प्रकाशनमा समस्या भएको तथा केही परीक्षार्थीहरूको नतिजा स्थगित रहन गएको हुँदा परीक्षा केन्द्र निर्धारण गर्दा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका (संशोधनसहित) २०६८ मा भएका व्यवस्थाहरू कडाइका साथ लागु गर्न/गराउन तथा निम्नानुसार हुने गरी मिति २०८२ पौष मसान्तसम्म केन्द्र निर्धारण गरी मिति २०८२ माघ पहिलो हप्ताभित्र यस कार्यालयमा पठाइ दिनुहुन अनुरोध छ।

१. न्यूनतम परीक्षार्थी सङ्ख्या दुर्गम/ हिमाली क्षेत्रमा कम्तीमा १५० जना, पहाडी क्षेत्रमा कम्तीमा २५० जना र तराई/भित्री मधेस/उपत्यकामा कम्तीमा ३०० जनाभन्दा कम र ४०० भन्दा बढी नहुने गरी केन्द्र कायम गर्ने व्यवस्था कडाका साथ कार्यान्वयन गर्ने तर जतिसुकै परीक्षार्थी सङ्ख्या भए पनि एक जिल्लामा कम्तीमा एउटा परीक्षा केन्द्र कायम गर्ने

२. उल्लिखित विद्यार्थी सङ्ख्याका आधारमा मात्र परीक्षा केन्द्रका लागि रकम उपलब्ध हुने हुँदा सोभन्दा कम विद्यार्थी सङ्ख्या रहने गरी केन्द्र कायम भएमा त्यसको सम्पूर्ण व्यवस्थापनमा इकाइ जिम्मेवार हुनुपर्ने छ।

३. आफ्नै विद्यालयका विद्यार्थीहरू (Home Centre) नपर्ने गरी र पारस्पारिक केन्द्र नहुने गरी केन्द्र निर्धारण गर्ने। एउटा मात्र केन्द्र हुने जिल्लाको हकमा Home Centre कायम गर्न बाधा नहुने र दुईओटा मात्र केन्द्र हुने जिल्लाको हकमा पारस्पारिक केन्द्र हुन सक्ने छ। एउटा विद्यालयका विद्यार्थी मात्र रहने गरी केन्द्र कायम नगरी कम्तीमा दुई वा सोभन्दा बढी विद्यालयका विद्यार्थी सहभागी हुने गरी केन्द्र कायम गर्नुपर्ने छ।

४. तराई/भित्री मधेस/उपत्यकालगायतका सहरी क्षेत्रमा यथा सम्भव एउटा विद्यालयको हरेक वर्ष एउटै परीक्षा केन्द्र नपर्ने गरी केन्द्र निर्धारण गर्ने

५. प्राविधिक धारतर्फका सम्पूर्ण परीक्षार्थीहरूका लागि परीक्षा केन्द्र अलग्गै कायम गर्ने। यसरी केन्द्र कायम गर्दा परीक्षार्थी सङ्ख्याको आधारमा प्रत्येक जिल्लाको उपयुक्त स्थानमा एक ओटा र एकभन्दा बढी केन्द्र भएमा विभिन्न पालिकाको केन्द्र पर्ने सुविधायुक्त ठाँउ यकिन गरी क्षेत्रगत रूपमा राख्ने व्यवस्था मिलाउने साथै २०७९ सालका ग्रेडबृद्धि तर्फका (पुरानो प्रश्नपत्रअनुसार परीक्षा दिने) सबै परीक्षार्थीहरुको जिल्ला सदरमुकाममा एउटै परीक्षा केन्द्रमा रहने गरी व्यवस्था गर्ने

६. अपाङ्गता (विशेष क्षमता) भएका परीक्षार्थीहरू (थोरै, १/२ को सङ्ख्यामा रहेको अवस्थामा) को हकमा आवश्यक व्यवस्था गरी नजिकको परीक्षा केन्द्रबाट परीक्षा दिने व्यवस्था मिलाई त्यस्ता परीक्षार्थीहरूको उत्तरपुस्तिका छुट्टै प्याकेट बनाई शिक्षा विकास

तथा समन्वय इकाइमा बुझाउने र शिक्षा विकास तथा समन्वय इकाइले त्यस्ता उत्तरपुस्तिका सम्बन्धित विद्यालयको परीक्षा केन्द्रको सम्बन्धित विषयको प्याकेटमा राख्ने व्यवस्था गर्ने। तर एउटै विद्यालयबाट वा एउटै परीक्षा केन्द्रमा पर्ने विद्यालयहरूमा धेरैको सङ्ख्यामा त्यस्ता परीक्षार्थीहरू रहेको वा स्रोत कक्षा रहेको खण्डमा परीक्षार्थीहरूलाई पायक पर्ने गरी सोही परीक्षा केन्द्र मातहतमा सम्बन्धित विद्यालयमा उपकेन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउन सकिने

७. कतिपय जिल्लाहरूबाट पालिकागत रुपमा केन्द्र कायम गर्ने विषयमा सोधनी हुने गरेको सन्दर्भमा विद्यार्थीहरूको सुविधा, परीक्षाको मर्यादा र निष्पक्षतामा सुनिश्चितता, परीक्षा सञ्चालन र व्यवस्थापनमा सहजता हुने तथा निर्विवाद ढङ्गबाट सहमती कायम हुने अवस्था रहेमा उल्लिखित विद्यार्थी सङ्ख्यामा नघट्ने गरी समन्वयात्मक ढङ्गबाट पालिकागत रूपमा समेत केन्द्र निर्धारण गर्न सकिने।

८. विद्यार्थीहरूले तोकिएकै परीक्षा केन्द्रबाट परीक्षा दिनुपर्ने छ। तोकिएको परीक्षा केन्द्रबाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा निजको परीक्षा रद्द हुन सक्ने छ।

९. केन्द्र निर्धारण तथा परीक्षा सञ्चालन र व्यवस्थापनसम्बन्धी अन्य विषयहरू माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका (संशोधनसहित) २०६८ मा व्यवस्था भएबमोजिम हुने छ।

द्रष्टव्यः केन्द्र सिफारिस गर्दा अनिवार्य रूपमा केन्द्र नम्बर,परीक्षा केन्द्र विद्यालयको विद्यालय कोड नम्बर, अन्तर्गतका विद्यालयको विद्यालय कोड नम्बर, केन्द्राध्यक्ष्यको नाम, सम्पर्क मोबाइल नम्बर र e-mail address संलग्न गर्नुहुन अनुरोध छ ।

टुकराज अधिकारी
का.मु.नियन्त्रक

**बोधार्थ**

प्रदेश शिक्षा विकास निर्देशनालय
सातै प्रदेशः आवश्यक समन्वय र सहजीकरण गरी कार्यान्वयनको व्यवस्था हुन ।

**परीक्षा केन्द्र पठाउनका लागि नमुना तालिका**

| परीक्षा केन्द्र नम्बर | परीक्षा केन्द्र विद्यालयको नाम/ठेगाना | परीक्षा केन्द्र विद्यालयको विद्यालय कोड नम्बर | अन्तर्गतका विद्यालयको नाम/ठेगाना | अन्तर्गतका विद्यालयको विद्यालय कोड नम्बर | धार | विषय र विद्यार्थी सङ्ख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा विद्यार्थी सङ्ख्या | ऐ. प्रथम | | ऐ.द्वितीय | | |
| | | | | | | | विषय | सङ्ख्या | विषय | सङ्ख्या | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |